साकेला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मानेभञ्ज्याङ, खोटाङ ।

पत्रसंख्याः२०७७/०७८(सामाजिक तथा आर्थिक विकास शाखा)　　　　१ प्रदेश, नेपाल

चलानी नं. :　　　　मितिः२०७७।०६।२६

## विषयः सूचना ! सूचना !! सूचना !!!

विश्वमा कोरोना भाइरस (COVID -19) २०१९ डिसेम्बरबाट फैलिन शुरु भई नेपालमा पनि कोरोना भाइरस (COVID -19) को संक्रमण फैलिरहेको अवस्थामा यसको रोकथाम तथा व्वस्थापन अन्तर्गत जिल्ला वाहिर र विदेशबाट आउने व्यक्तिहरुलाई तोकिए बमोजिमको क्वारेन्टिनहरुमा राखिरहेको व्यहोरा अवगतै छ । पछिल्लो समयमा गाउँपालिकाले क्वारेन्टिनमा वसेका, होम क्वारेन्टिनमा वसेका र शंकास्पद व्यक्तिहरुको स्याव लिएर परीक्षण समेत गर्दै आइरहेको अवस्थामा पछिल्लो पटक मिति २०७७ साल असोज २० गते पनि देशका विभिन्न स्थानबाट आएका व्यक्तिहरु र विदेशबाट आएका व्यक्तिहरु गरी २० जना व्यक्तिहरुको स्याव लिई विराटनगरमा परीक्षण गर्न पठाइकोमा मिति २०७७ साल असोज २६ गते सो नतिजा आएकोमा साकेला गाउँपालिका वडा २ को एक जना व्यक्तिमा कोरोना संक्रमण देखिएको कारण घरपरिवार, छिमेकी, टोल, वडा र गाउँपालिकामा सम्भावित कोरोना संक्रमनहुनबाट जोगिन मिति २०७७।०६।२७ गतेदेखि २०७७।०७।०३ सम्म साकेला गाउँपालिका वडा नं. २ पूर्ण रुपमा शिल गरिएको र साकेला गाउँ कार्यपालिकाबाट प्रवाह हुने अति आवश्यक सेवा वाहेक अन्य सम्पूर्ण सेवाहरु बन्द गरिएको व्यहोरा सम्वन्धित सवैको जानकारीको लागि अनुरोध गरिन्छ । यसै गरी उक्त अवधिमा मानेभञ्ज्याङ आसपासमा सञ्चालनमा रहेका सम्पूर्ण होटल तथा सबै किसिमका थोक/साना पसलहरु, नेपाल एसबिआइ बैंक साकेला गाउँपालिकामा विभिन्न स्थानबाट चल्ने साना तथा ठूला सवारी साधन समेत बन्द रहने हुने व्यहोरा अनुरोध गरिन्छ ।

यसबाट सम्पूर्ण सरोकारवालाहरुमा पर्न गएको असुविधा प्रति गाउँ कार्यपालिका क्षमा चाहान्छ ।

.......................................

(रविन मगर)

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः

१. सबै वडा कार्यालयहरु, साकेला गाउँपालिका ।
२. सबै स्वास्थ्य संस्थाहरु, साकेला गाउँपालिका ।
३. इलाका प्रहरी चौकी, मानेभञ्ज्याङ ।
४. नेपाल एसबिआइ वैंक, मानेभञ्ज्याङ ।
५. खोटाङ यातायात प्रा.लि.दिक्तेल ।
६. IT अधिकृत; Web page, FB पेजमा Upload गर्ने